इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.

Infinity Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय: गैंडाकोट, नवलपरासी (ब.सु.पू.)

चलानी नः 006 /०८२/८३

मितिः २०८२/०४/१४

श्री नेपाल स्टक एक्सचेन्ज लि,
सिंहदरबार प्लाजा काठमाडौं ।

बिषयः त्रैमासिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा आ.व २०८१/०८२ को चौथो त्रैमासिक प्रतिवेदन मिती २०८२/०४/११ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको ब्यहोरा जानकारी गराउंदछौ । साथै प्रतिवेदन यसै पत्रसाथ संलग्न गरी पठाईएको ब्यहोरा जानकारीको लागी अनुरोध छ ।

भवदीय

.....

ज्ञानीश्वर पन्त
प्रमुख कार्यकारी अधिकृत

फोन: ०७८-५०३३०१, ५०३१४४
फ्याक्स: ०७८-५०३३१७
इमेल: info@infinitylbsl.com.np
वेबसाइट: www.infinitylbsl.com.np

इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.
Infinity Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी
(बर्दघाट सुस्ता पूर्व), फोन नं.: ०७८-५०३३०१,
इमेल: info@infinitylbsl.com.np

Interim Financial Statements of FY 2081/82

Condensed Statement of Financial Position
As on Quarter ended 32nd Asadh 2082

Amount (NPR)

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalent	458,314,224	140,957,740
Statutory Balances and due from Nepal Rastra Bank	21,208	873,436
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	5,838,226,212	5,188,303,838
Investment Securities	1,000,000	1,000,000
Current Tax Assets	48,367,128	33,455,228
Investment Property	1,800,000	-
Property and Equipment	59,492,933	61,608,562
Goodwill and Intangible Assets	6,568,701	6,895,314
Deferred Tax Assets	13,605,556	14,337,077
Other Assets	75,451,243	66,924,643
Total Assets	**6,502,847,204**	**5,514,355,838**
Liabilities		
Due to Bank and Financial Instituions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	1,391,092,154	1,258,211,847
Borrowing	3,970,227,657	3,271,329,186
Current Tax Liabilities	-	-
Provisions	18,118,939	18,118,939
Deferred Tax Liabilities	-	
Other Liabilities	344,182,162	281,652,043
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total liabilities	**5,723,620,912**	**4,829,312,015**
Equity		
Share Capital	497,415,942	497,415,942
Share Premium	-	-
Retained Earnings	80,032,174	(4,918,036)
Reserves	201,778,176	192,545,917
Total Equity	**779,226,291**	**685,043,823**
Total Liabilities and Equity	**6,502,847,204**	**5,514,355,838**

Condensed Statement of Profit & Loss
For the Quarter ended 32nd Asadh 2082

Amount (NPR)

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	249,459,819	798,207,887	190,196,713	702,000,229
Interest Expense	100,080,240	393,238,597	99,571,133	411,998,369
Net Interest Income	**149,379,579**	**404,969,290**	**90,625,580**	**290,001,859**
Fee and Commission Income	24,449,108	72,785,361	(9,295,967)	48,629,999
Fee and Commission Expense	-	-	-	-
Net Fee and Commission Income	**24,449,108**	**72,785,361**	**(9,295,967)**	**48,629,999**
Net Interest, Fees and Commission Income	**173,828,687**	**477,754,651**	**81,329,613**	**338,631,858**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	370,031	370,031
Total Operating Income	173,828,687	477,754,651	81,699,644	339,001,889
Impairment Charge/(reversal) for Loans and Other Losses	(53,685,026)	42,055,361	44,626,506	29,042,504
Net operating income	**227,513,714**	**435,699,290**	**37,073,138**	**309,959,385**
Operating Expense	**93,477,453**	**300,718,484**	**62,365,241**	**260,108,985**
Personnel Expenses	73,632,757	215,237,163	51,281,993	186,870,778
Other Operating Expenses	5,922,337	65,413,785	4,978,566	53,563,982
Depreciation & Amortization	13,922,360	20,067,536	6,104,682	19,674,224
Operating Profit	**134,036,260**	**134,980,806**	**(25,292,104)**	**49,850,400**
Non-Operating Income	-	-	-	-
Non-Operating Expense	-	-	-	-
Profit before Income Tax	**134,036,260**	**134,980,806**	**(25,292,104)**	**49,850,400**
Income Tax Expense			-	-
Current Tax	40,210,878	40,494,242	(14,322,062)	8,220,690
Deferred Tax	731,521	731,521	(4,168,768)	(4,168,768)
Profit for the Period	**93,093,861**	**93,755,043**	**(6,801,274)**	**45,798,479**
Condensed Statement of Comprehensive Income				
Profit for the period	93,093,861	93,755,043	37,617,942	52,599,753
Other Comprehensive Income				
Total comprehensive income for the period	**93,093,861**	**93,755,043**	**(7,816,383)**	**44,783,369**
Earnings per share				
Basic earnings per share	-	18.85	-	9.21
Annualized Basic Earnings Per Share	-	18.85	-	9.21
Diluted earnings per share	-	18.85	-	9.21

Ratio as per NRB Directives

Particulars	Current Year		Previous Year	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA	-	11.28%	-	10.82%
Non Performing Loan (NPL) to Total Loan	-	7.43%	-	10.19%
Total Loan Loss Provision to Total NPL	-	40.61%	-	25.58%
Cost of Funds	-	7.41%	-	9.02%
Credit to Deposit & Borrowing Ratio	-	109.78%	-	114.59%
Base Rate	-	13.23%	-	16.86%
Interest rate spread	-	7.59%	-	5.98%

Interest Rate	
1. Deposits : 7.5% - 9%	2. Loan & Advance : 15%

Statement of Distributable Profit or Loss
For the Quarter ended 32nd Asadh 2082
(As per NRB Regulation)

Particulars	Current Year Upto This Quarter YTD	Previous Year Corresponding Quarter YTD
Net profit or (loss) as per statement of profit or loss	**93,755,043**	**45,798,479**
Appropriation:		
a. General reserve	18,751,009	9,159,696
b. Foreign exchange fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	937,550	457,985
e. Employees' training fund	-	-
f. Client Protection Fund	1,406,326	457,985
g. Other	-	
Profit or (loss) before regulatory adjustment	**72,660,158**	**35,722,813**
Regulatory adjustment :	**12,290,052**	**(41,306,994)**
a. Interest receivable (-)/previous accrued interest received (+)	12,692,530	(35,688,070)
b. Short loan loss provision in accounts (-)/reversal (+)		
c. Short provision for possible losses on investment (-)/reversal (+)		
d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+)	(1,134,000)	
e. Deferred tax assets recognised (-)/ reversal (+)	731,521	(4,603,815)
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)		
g. Bargain purchase gain recognised (-)/resersal (+)		
h. Actuarial loss recognised (-)/reversal (+)	-	(1,015,109)
i. Other		
Net Profit available for distirubtion	**84,950,210**	**(5,584,181)**
Opening Retained Earning	**(4,918,036)**	**666,144**
Adjustment (+/-)	-	
Distribution:	-	
Bonus shares issued	-	
Cash Dividend Paid	-	-
Total Distributable profit or (loss) as on Quarter end date	**80,032,174**	**(4,918,036)**

Notes :

1. The above figures are subject to change upon regulator's instruction and/or statutory auditors.
2. The detail interim financial report has been published in the website.
3. The Microfinance has applied alternative treatment in the carve out issued by the Institute of Chartered Accounts of Nepal with respect to the Impairment of Loans & Advances.
4. Personnel expenses include the Provision for Employee Bonus.
5. Loans & Advances are presented net of Impairment charges.
6. Acturial Valuation will be done on annual basis for Employee Benefit.
7. The difference in profit as per the NFRS and GAAP has been transferred to Regulatory Reserve.
8. Previous period figures are regrouped/ rearranged/ restated wherever necessary for consistent presentation and comparision.

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आ.व. २०८१/८२ को चौथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : चालु आ.व. २०८१/८२ को चौथो त्रयमासको अपरिष्कृत वित्तीय विवरणहरु वासलात, नाफा नोक्सान हिसाब, वितरणयोग्य मुनाफा र सो संग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाइट www.infinitylbsl.com.np मा पनि राखिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिक)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात	पूँजीकोष अनुपात
रु.१८.८५	४६.१६	रु.१५६.६५	रु.१,३०७.३३	८.५५%	११.२८%

२. व्यवस्थापकीय विश्लेषण :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : यस वित्तीय संस्थाको चालु आ.व. को चौथो त्रैमासिक अवधिमा संस्थाको मौज्दात, खुद ब्याज आम्दानी, आधार दर र लागत मुल्यतर्फ सुधार भएको छ। लघुवित्त कार्यक्रमलाई असर पार्ने लघुवित्त संस्था विरुद्ध गरिएको गतिविधि, विश्वव्यापी आर्थिक मन्दिका कारण कर्जा असुलीमा प्रभाव परेको छ, भने संस्थाको समग्र कार्यक्रम सन्तोषजनक हुनुको साथै व्यावसायिक योजना अनुरुप नै रहेको छ।

(ख) आगामी वर्षको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्ने क्रममा ९६ वटा शाखा कार्यालय मार्फत १,०७,३५९ सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ। यस वित्तीय संस्थाद्वारा समूहमा आबद्ध आफ्ना सदस्यहरुलाई विभिन्न शाखा कार्यालयहरु मार्फत तरकारी तथा पशुपालन तालिम प्रदान गर्दै आएको छ। साथै संस्थाले ग्राहक, ग्राहकका घरपरिवार लगायत समाजमा रहेका विभिन्न वर्गहरुलाई समय समयमा वित्तीय साक्षरता सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने कार्यक्रमहरु गर्दै आएको छ। वित्तीय संस्थाका सेवा तथा सुविधाहरुलाई प्रविधिमैत्री र वित्तीय पहुँच अभिवृद्धि गर्ने उद्देश्य र ग्राहकहरुलाई छिटो, छरितो, सहज, पारदर्शी, विश्वसनिय र न्युन लागतमा सेवा प्रवाह गर्न नवीनतम प्रविधिको डिजिटल माध्यमहरु Mobile Banking, E sewa, Khalti, IME Pay, SMS Alert को प्रयोग गरेको छ भने NCHL मार्फत पनि कारोबार गर्न सकिने गरी आधुनिक बैंकिङ प्रणालीको प्रयोगमा बझ विस्तार गरेको छ। नयाँ क्षेत्रमा कार्यक्रम विस्तारका साथै वित्तीय सेवामा पहुँच नपुगेको क्षेत्रमा शाखा विस्तार गरी विपन्न तथा पिछडिएका समुदायलाई वित्तीय सेवा प्रदान गर्ने कार्य योजना अनुरुप कार्यक्रम अघि बढाईएको छ। संस्थाले ग्राहकको आवश्यकतामा आधारित रहि विभिन्न खालका योजना सहितको सेवा सुविधाहरुमा प्रभावकारी रुपमा परिष्कृत गर्दै लैजान व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : संस्थाले देशमा विद्यमान आर्थिक मन्दी र लघुवित्त संस्था विरुद्ध भए गरेका विविध गतिविधिका कारण संस्थाको कारोबार तथा नाफामा पर्न सक्ने असरलाई केन्द्रमा राखि कर्मचारीहरुको मनोबल उच्च तथा दक्षता अभिवृद्धि गर्दै, स्थानिय निकायहरुसगं समन्वय गरी, जनमानसमा समसामयिक विषयमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी ग्राहक सदस्यहरुलाई संस्थाप्रति सकारात्मक तथा सन्तुष्ट बनाउदै गुणस्तरीय कर्जाको वृद्धि गरी संस्थाको वित्तीय कारोबार तथा नाफामा सुधार गर्ने रणनीती लिएको छ।

३. कानुनी कारवाही सम्बन्धी व्यवस्था :

(क) यस त्रैमासिक अवधिमा वित्तीय संस्था विरुद्ध कुनै मुद्दा दायर भए : यस त्रैमासिक अवधिमा वित्तीय संस्था विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको छैन।

(ख) यस वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको : कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भए : कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि संस्थाले नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचीकृत गराइ कारोबार भईरहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईड www.nepalstock.com का अनुसार चौथो त्रैमास अवधिको शेयर सम्बन्धी कारोबार निम्न अनुसार भएको देखिन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कारोबार शेयर संख्या
रु. ९४५/-	रु. ७९५.२/-	रु ९१५.९४/-	६३ दिन	४,०९७	२३७,०८७ कित्ता

५. समस्या तथा चुनौती :

क) आन्तरिक समस्या तथा चुनौती : अर्थतन्त्रमा आएको आर्थिक मन्दी, लघुवित्त विरुद्धका समुहहरुले चलाएको कर्जा तथा ब्याज मिनाहा अभियानको प्रभावका कारण कर्जा असुलीमा कमी आउनु, बहुबैंकिङ कारोबार, दक्ष जनशक्तिको अभाव, नियमनकारी निकायबाट हुन सक्ने नीतिगत परिवर्तन र सोबाट मोचित हुन सक्ने समस्या आदिलाई संस्थाले समस्या तथा चुनौतीको रुपमा लिएको छ। संस्थागत प्रशासनमा पारदर्शिता कायम गर्नु, आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु, डिजिटल सेवा प्रणालीमा साइबर सुरक्षाको सुनिश्चितता गर्नु, बढ्दो प्रशासनिक खर्चलाई व्यवस्थापन गर्नु, पति महत्वपूर्ण चुनौतीका रूपमा देखा परेका छन्।

ख) बाह्य चुनौतीहरु : विश्वका शक्ति राष्ट्रहरुको द्वन्द्वबाट सिर्जित मुद्रास्फिती, जलवायु परिवर्तनका कारण कृषि तथा लघु उद्यममा देखिएको अनिश्चितता र आर्थिक मन्दीका कारण नेपालको अर्थतन्त्रमा देखा परेको आर्थिक शिथिलताले समग्र क्षेत्रलाई असर पर्न गएको छ। आर्थिक बजारको तरलतामा आउने उतारचढाव साथै बजार संकुचित हुँदै जानु र ग्रामीण क्षेत्रमा वित्तीय सेवा सञ्चालन गर्नको लागि आवश्यक न्युनतम भौतिक पुर्वाधारको कमीले गर्दा सो क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्न चुनौती रहेको छ।

ग) समाधानका रणनीतिहरु : आन्तरिक तथा बाह्य समस्या र चुनौतीहरुको विश्लेषण र सावधानी अपनाई कारोबार विस्तार गर्न व्यवस्थापनले उच्च तत्परता अपनाएको छ। आफ्नो कार्यक्षमता अभिवृद्धि गरी स्तरीय सेवा प्रदान गर्नको लागि कर्मचारीहरुलाई आवश्यक तालिम दिने तथा निजहरुलाई संस्थाप्रति आबद्ध राख्नको लागि यथोचित रणनीति अवलम्बन गरिएको छ। कोषको अभाव, सञ्चालन खर्च, र ब्याजदर अन्तर व्यवस्थापन गर्न आन्तरिक बचतलाई विशेष ध्यान दिइएको छ। प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको पहिचान उच्च राख्न ग्राहक मैत्री सेवा सुविधाहरु प्रदान गर्नुका साथै आधुनिक समाज सुहाउँदो वित्तीय सेवा तथा सुविधा प्रदान गरिरहेको र थप सुविधा प्रदान गरिने नीति लिएको छ। साथै, नेपाल राष्ट्र बैंकको निर्देशानुसार प्रदान गरिने विभिन्न सुविधाहरु लगायत उपयुक्त परामर्श र सेवाहरु प्रदान गर्दै संस्थाको समग्र जोखिम व्यवस्थापनको आधारभुत पक्षलाई मजबुत बनाई उल्लेखित चुनौतिको समाधान गर्ने र आन्तरिक खर्चमा मितव्ययिता अपनाई निर्धारित लक्ष्य प्राप्त गरिने रणनीति अवलम्बन गरिएको छ। साथै, बढ्दो साइबर जोखिमलाई ध्यानमा राखी डिजिटल सुरक्षामा समेत आवश्यक सतर्कता अपनाइएको छ। संस्थाले दीर्घकालीन दिगोपन र प्रभावकारी सेवा विस्तारका लागि ग्राहक, कर्मचारी र नियमनकारी निकायहरुसंग समन्वयमा रही उत्तरदायी रणनीति अवलम्बन गरेको छ।

६. संस्थागत सुशासन : यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी भएका संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरेको छ। संस्थाले प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा तथा बचत नीति लगायतका आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ। संस्थाले आफ्नो कारोबार चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक प्रणालीलाई प्रभावकारी बनाउन लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति लगायतका अन्य प्रचलित नियमावली अनुसारका समितिहरु मार्फत कार्य सम्पादन गर्ने गरिएको छ।

७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई स-सूचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन।